# प्रेस समाचार

गभर्नर डां युवराज खतिवडा र न्युजिल्यान्डका पूर्व प्रधान मन्त्री जेम्स बोल्गरबीच आज भदौ २२ गते केन्द्रीय कार्यालय बालुवाटारमा भेटवार्ता सम्पन्न भयो । सो अवसरमा नेपालको कृषि विकास रणनीतिका सम्बन्धमा छलफल भएको थियो ।



सो अवसरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा मन्तव्य राख्नुहुँदै गभर्नर डा. खतिवडाले नेपालको कृषि विकासका लागि केन्द्रीय बैंकले नीतिगत माध्यमबाटसम्बोधन गर्ने विविध विषयमा प्रकाश पार्नुभएको थियो । उहाँले मुलुकको कृषि विकासको वर्तमान अवस्था, सम्भावना र आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीतिगत र प्रक्रियाहरुका बारेमा स्पष्ट पार्दै नेपालको कृषि विकासमा प्रचुर सम्भावना रहेको भए पनि व्यावसायिक सोच र पूर्वाधार विकासमा अझै थुप्रै प्रयास गर्न बाँकी रहेको धारणा राख्नुभएको थियो ।



कार्यक्रममा न्यूजिल्यान्डका पूर्व प्रधानमन्त्री तथा कृषि विकास रणनीति विज्ञ बोल्गरले समेत मन्तव्य राख्नुभएको थियो । यस क्रममा उहाँले कुनै पनि देशको अर्थतन्त्रलाई छिमेकी

मुलुकको अर्थतन्त्रले प्रभाव पार्ने हुँदा ती देशहरुको कृषि विकास रणनीतिले यहाँको नीतिलाई पनि निर्देश गर्ने धारणा राख्नुभएको थियो । परम्परागत रुपमा केन्द्रीय बैंकले मौद्रिक नीतिको कार्यान्वयन गर्ने भए पनि आधुनिक अर्थतन्त्र निर्माणमा यसले धेरै ठूलो भूमिका निर्वाह गर्न सक्ने धारणा राख्दै कृषि विकास रणनीति निर्माणका विविध पक्षमा न्यूजिल्यान्डको अनुभव समेतबाट नेपालले लाभ लिन सक्ने धारणा राख्नुभएको थियो ।

मिति : २०६९ भदौ २२ गते

गभर्नरको कार्यालय